# धितोमा रहेको अचल सम्पत्ति बिक्रिकोलागि गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको सूचना

**प्रकाशित मिति : २०८१।०६।२३ गते**

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित ऋणीहरुले विभीन्न शिर्षक अन्तर्गत लिएको ऋणको समय–समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज आदि नतिरी नबुझाई ऋण सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएको तथा पटक–पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत ऋण चुक्ता नगरेकोले उल्लेखित ऋणीहरुलाई पटक–पटक पत्राचार गरिएको, राष्ट्रिय दैनिक पत्रिका मार्फत कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा पनि कर्जाको सावाँ ब्याज तथा हर्जाना ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै ध्यान नदिएकोले ऋणीहरुको धितो सुरक्षणमा रहेको तपसिल बमोजिमको सम्पति जहा जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा आजका मितिले १६औं दिनमा यसै वित्तीय संस्थाको गोलबजार शाखामा गोप्य शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गरिने भएको हुदा इच्छुक महानुभावहरु सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ। धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने महानुभावहरुलाई पनि धितो सुरक्षणमा रहेको अचल सम्पति लिलाम बिक्री गरिने बारे यसै सुचनाद्वारा जानकारी गराउदछौं। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि वित्तीय संस्थाको सम्पूर्ण लेना असुल उपर नभएमा बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बैंक तथा बित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ तथा सोको नियमावली, २०५९ अनुसार ऋणी, ब्यक्तिगत जमानीकर्ता तथा धितो जमानीहरुको अन्य चल अचल सम्पतिहरुबाट धितोले नखामेको बक्यौता रकम असुल उपरका लागि ऋण असुली न्यायधिकरणमा मुद्दा दायर गरिने ब्यहोरा ऋणी, ब्यक्तिगत जमानीकर्ता, धितो जमानीहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै धितो सुरक्षण तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रमा कालो सूचीमा सूचीकृत गर्नको लागि सिफारिस गरिने ब्यहोरा समेत यसै सूचनाद्वारा अवगत गराईन्छ।

| कर्जा नं. | ऋणीहरुको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|---|
| ०१ | **श्री रामचन्द्र यादव**<br>**ठेगानाः** जि.सिरहा,असनपुर.वार्ड.नं. ०७,<br>हाल. जि.सिरहा, गोलवजार न.पा. ०४<br>**बाजेको नाम** :श्री कनी यादव<br>**बुवाको नाम** : श्री लक्ष्मी यादव<br>**कर्जा.नं:** ००३०३८०००१०७१००००००३ (व्यक्तिगत कर्जा) | निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा, असनपुर वार्ड नं.५क, कि.नं. ३०३ को ०–१८–५–० जग्गा। |
| ०२ | **श्री प्राची जेनरल सप्लायर्स**<br>**प्रो. श्री राजदेव यादव**<br>**ठेगानाः** जि.सिरहा,असनपुर.वार्ड.नं. ०६,<br>हाल.जि.सिरहा, गोलवजार न.पा. ०४<br>**बाजेको नाम**: श्री लक्ष्मी यादव<br>**बुवाको नाम** : श्री रामचन्द्र यादव<br>**कर्जा.नं:** ००३०३१०००११६२४००००००२ (व्यापार कर्जा) | निज ऋणीको बुवा श्री रामचन्द्र यादव नाउँमा दर्ता कायम रहेको जि. सिरहा, असनपुर वार्ड नं.५क, कि.नं.१०५२ को ०–७–१३–० जग्गा। |
| ०३ | **श्री सन्तोष वस्त्रालय**<br>**प्रो. श्रीमति सिमल कुमारी यादव**<br>**ठेगानाः** जि.सिरहा,असनपुर.वार्ड.नं.०६,<br>हाल.जि.सिरहा, गोलवजार न.पा.११<br>**ससुराको नाम** : श्री राम प्रसाद यादव<br>**श्रीमानको नाम** : श्री राम अशिष यादव<br>**कर्जा.नं:** ००३०३१००००२६५२००००००१ (व्यापार कर्जा) | निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा, असनपुर वार्ड नं.५क, कि.नं.१४७१ को ०–०–५–० र जि.सिरहा, असनपुर वार्ड नं.७क कि.न.३८३१ को ०–०–४–८ जग्गा। |
| ०४ | **श्रीमति सिमला लामा**<br>**ठेगाना** : जि.सिरहा,धनगढी.वार्ड नं.०६,<br>हाल जि.सिरहा, धनगढीमाइ न.पा. ०८<br>**ससुराको नाम** : श्री लक्ष्मण लामा<br>**पतिको नाम** : श्री श्याम कुमार लामा<br>**कर्जा.नं:** ००३०३८०००११४२८००००००२(व्यक्तिगत कर्जा) | निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा, चैनपुर,.वार्ड.नं.७क,कि.नं.६७२ को ०–१२–१६.४–० जग्गा । |
| ०५ | **श्रीमति बविता कुमारी साह**<br>**ठेगाना** :जि.सिरहा, थल्हा कटहा वार्ड नं.०७,<br>हाल जि.सिरहा, मिर्चैया न.पा. ०६<br>**ससुराको नाम** : श्री राम अशिष तेली<br>**पतिको नाम** : श्री रामनाथ साह | निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा, रामनगर,.वार्ड नं.४क, कि.नं. १००७ को ०–५–०–० जग्गा । |

१. शिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यसै वित्तीय संस्थाको शाखा कार्यालय गोलवजारमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र सादा कागजमा लेखी बोलपत्रबालाको सम्पुर्ण बिबरण (नाम, ठेगाना र सम्पर्क नं.) तथा हस्ताक्षर सहित खाम बन्दी गरी बाहिर "जग्गा खरीदको बोलपत्र" समेत स्पष्ट रुपमा लेख्नु पर्नेछ।
३. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको धितोमा रहेको सम्पति के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ र आफुले कबुल गरेको रकमको कम्तीमा १० (दश) प्रतिशतका दरले हुने रकम यस वित्तीय संस्थाको मुक्तिनाथ विकास बैंक लि., गोलवजार शाखाको हिसाव नं. ०७५१०२००३४९३९५००००००१ मा जम्मा गरेको बैंक भौचर निवेदन साथ पेश गर्नु पर्नेछ।
४. यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको २:०० बजे बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोलिनेछ। बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम दिन वित्तीय संस्था विदा भएमा सोको भोलिपल्ट वित्तीय संस्था खुलेको दिनमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन पनि वित्तीय संस्था विदा परेमा सोको भोलिपल्ट वित्तीय संस्था खुलेको दिनमा बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरीने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्वन्धित बोलपत्र दाताले सोको सूचना पाएको ७ (सात) दिन भित्र बाकी कबुल रकम वित्तीय संस्थामा जम्मा गर्नु पर्नेछ। अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ।
८. बोलपत्र आंशिक वा पुर्णरुपमा स्वीकार गर्ने वा नगर्ने सम्पुर्ण अधिकार वित्तीय संस्थामा सुरक्षित रहनेछ।
९. दाखिल खारेज गर्न अड्डामा लाग्ने दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
१०. अन्य थप जानकारी आवश्यक भएमा वित्तीय संस्थाको गोलवजार शाखा कार्यालयमा सम्पर्क गर्न सकिने छ।

**बोलपत्र खोल्ने मिति : २०८१ साल कार्तिक ८गते ~~सोमबार~~ बुधबारका दिन दिउंसो २:००बजे ।**

**जानकी फाइनान्स कम्पनी लिमिटेड**
गोलवजार शाखा,सिरहा
सम्पर्क नं.०३३– ५४०६०७ , ५४०६०८